स्वामीकार्तिक खापर गाउंपालिका,
ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
सुईजिउला वाई, बाजुरा

२०७६ श्रावण



आर्थिक वर्ष २०७५/०७६ को

वार्षिक

# प्रगति प्रतिवेदन


स्वामिकार्तिक खापर गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
सुईजिउला वाई, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
गाउंपालिका सहयोग इकाई
स्वामिकार्तिक खापर गाउंपालिका
सुईजिउला वाई, बाजुरा

# विषय सूची


**आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश** ........ 2

**१. पृष्ठभूमी** ........ 6

**२. लक्ष्य बमोजिम उपलब्धी** ........ 7

- **२.१. जलउपयोग गुरुयोजना** ........ 7
- **२.२. भौतिक प्रगति** ........ 7
- **२.३. क्षमता विकास** ........ 8
- **२.४. जीविकोपार्जन कार्यक्रम** ........ 10

**३. अनुगमन तथा प्रतिवेदन** ........ 11

**४. प्रगती समीक्षा तथा योजना तर्जुमा** ........ 12

**५. नीति तर्जुमा** ........ 13

**६. सहकार्य** ........ 14

**७. आइपरेका समस्याहरु** ........ 14

**अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण** ........ 16

**अनुसूची २.१ : परीयोजना द्वारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था** ........ 19

**अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था** ........ 19

**अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था** ........ 19

**अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु** ........ 20

**अनुसूची ४ : भिजिबिलिटी** ........ 21


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औँल्याइएका सुझावहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | स्वामीकार्तिक खापर गाउँपालिका, सुईजिउला वाई, बाजुरा |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७५ देखी ३१ असार २०७६<br>(16th July 2018 to 16th July 2019) |

### क. आर्थिक प्रगती सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा)<br>(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | पूँजीगत | १९२१४९९८ | १९२१४९९८ | १९०५४७२१ | ९९.२ |
| | कार्यक्रम/चालु | ७४०८००० | ७४०७८४० | ५९४६१३१ | ८०.२६ |
| | **जम्मा** | **२६६२२९९८** | **२६६२२८३८** | **२५०००८५२** | **९३.९०** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था**<br>(रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | ४५१६००० | ४५१६००० | ४५१६००० | १०० |
| | नेपाल सरकार | १०८३१००० | १०८३१००० | १०८३१००० | १०० |
| | दातृ निकाय (GoF/EU) | ११२७५९९८ | ११२७५८३८ | ९६५३८५२ | ८५.६२ |
| | **जम्मा** | २,६६,२२,९९८।० | २,६६,२२,८३८।० | २,५०,००,८५२।० | ९३।९० |
| | उपभोक्ताको Cash | २६,७५,७७६।० | २६,७५,७७६।० | २३,९९,५२२।० | |
| | उपभोक्ताको Kind | ९१,५८,३७१।० | ९१,५८,३७१।० | ६३,८१,९७०।० | |
| | **जम्मा** | १,१८,३४,१४७।० | १,१८,३४,१४७।० | ८७,८१४९३।० | |
| | **कुल जम्मा** | ३,८४,५७,१४५।० | ३,८४,५६,९८५।० | ३,३७,८२,३४५ | |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | यस आ.बा.मा परियोजना अन्तरगत ४ वटा खानेपानी योजना सम्पन्न जसमध्ये व्यक्तिगत धारा प्रणाली वाट १ वटा योजना र सार्बजनिक धारा प्रणाली वाट ३ वटा योजाना सम्पन्न भएका छन् । सम्पन्न योजनाहरुबाट ५१३ घरधुरी लाभान्वित भएका छन् भने ३१४९ जनसंख्याले QARQ अनुसारको सुधारिएको खानेपानी सुविधा प्राप्त गरेका छन् । (QARQ भन्नाले, Q-Quantity : प्रतिव्यक्ति प्रतिदिन कम्तिमा ४५ लिटर पानी उपलव्ध भएको, A-Accessibility : एकपटक पानी लिएर फर्कन १५ मिनेट भन्दा बढी नलाग्ने, R-Reliability : पानीको स्रोत १२ महिना नसुक्ने र Q-Quality : जैविक प्रदुषण रहित) |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | परियोजना तेस्रो चरणको सहयोगमा निर्माण भएका सबै खानेपानी योजनाहरुमा जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण (CCA/DRR) निति अनुरुप भएको र सबै योजनामा खानेपानी सुरक्षा योजना लागू भएको, परियोजनाको सहयोगमा गाउँपालिकामा सञ्चालित सबै खानेपानी योजनाहरुका उपभोक्ता समितिहरु सक्रिय रही सुविधास्तर कायम गर्न सक्षम भएको,<br>परियोजनाको सहयोगमा निर्माण भएका खानेपानी योजनाहरुमा उपभोक्ता समितिका प्रमुख पदहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा कम्तिमा ५०% महिला र समानुपातिक प्रतिशतमा दलित समुदायको प्रतिनिधित्व रहेको,<br>२ वटा वालमैत्री तथा लैगिंक मैत्री शौचालय निमार्ण भई ६५२ जना बिद्यार्थीहरु लाभान्वित भएका छन र स्कुलमा स्वच्छ बातावरण कायम भएको छ ।<br>सरसफाई र स्वच्छता को क्षेत्रमा ३५३ वटा पानी राख्ने ड्रम बितरण गरिएको छ भने २६२ च्याङ्ग तथा जुठ्यान निमार्ण भएका छन । जसले पुर्णसरसफाई युक्त गा.पा. मा परिणत गर्नका लागि महत्वपुर्ण टेवा पुऱ्याउन मद्दत गर्नेछ । |
| **नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन** | QARQ मापदण्ड अनुसारको सुधारिएको खानेपानी सुविधा उपलब्ध गराइएका मध्ये १६२५ जनसंख्याले १३ वटा समुहमा आवद्ध भई घरवारी स्थापना गरेका छन् ।<br>आय आर्जन तथा घरबारी ब्यवस्थापन समुहका अगुवा कृषकलाई बेमौसमि तरकारी खेती गर्नका लागि १० वटा पोलीहाउस (प्लाष्टिक घर) बितरण गरिएको छ ।<br>आय आर्जनमा थप टेवा पुऱ्याउनका लागि बजार क्षेत्रका आय आर्जन समुहमा आवद्ध कृषकहरुलाई च्याउ खेतीको तालिम दिई च्याउ उत्पादनको आरम्भ गरिएको छ ।<br>यस आ.ब.मा घरवारी व्यवस्थापन तथा अगुवा कृषक तालिम पाएका मध्ये ९५% महिला र समानुपातिक रुपमा दलित समुदायको सहभागीता रहेको<br>१३ वटा घरवारी व्यवस्थापन समुह गठन /पुर्न गठन भई ३२५ घरधुरी (५७ दलित र २६८ अन्य) आवद्ध भई १६२५ जनसंख्या लाभान्वीत भएका छन् ।<br>३१ जनाले आयआर्जन तालिम प्राप्त गरेक छन् । |
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | २०० घरधुरीमा सुधारीयको फलामे चुलो जडान भई धुवाँबाट उत्पन्न हुने स्वाशप्रस्वासका रोगहरुको न्युनिकरण भएको ,<br>सहयोगि संस्थाका कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु सहित कर्मचारीहरुलाई जलवायु परिवर्तन अनुकुल र प्रकोप जोखिम न्यूनीकरणका विषयमा तालिमहरु प्रदान गरिएको,<br>परियोजनाको लगानीमा निर्माण भएका सबै योजनाहरुमा प्रकोप जोखिम न्यूनीकरण मापदण्ड कायम भएको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | - यस आ.बा. मा निमार्ण सम्पन्न भएका योजनाहरुको मुहान माथी रिर्चाज पिट निमार्ण तथा मुहान आस पास क्षेत्रमा बृक्षारोपण सम्पन्न भएको । |
| **नतिजा ४ : क्षमता विकास** | - गाउँपालीकाले यस आ.ब.मा पुजिगत तर्फ कुल बजेटको २३.५०% रकम जलस्रोत विकास कोषमा योगदान गरी परियोजनाप्रति अपनत्व प्रदर्शन गरेको, <br> - यस आ.ब.मा जलस्रोत विकास कोषको विनियोजित बजेटको ९३.९% रकम खर्च भएको जस अन्तरगत नेपाल सरकार तर्फ १००%, स्थानिय निकाय तर्फ १००% र दातृ निकाय तर्फ ८५.६२% खर्च रहेको छ । <br> - तिन वटा योजनामा सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन <br> - तिन वटा योजनमा निर्माण अवधिको गोष्ठी संचालन <br> - एक वटा योजनामा लेखा व्यवस्थापन पुर्न: ताजगी तालिम संचालन <br> - तिन वटा योजनामा जिविकोपार्जन तथा घरवारी व्यवस्थापन सम्वन्धि तालिम सञ्चालन <br> - तिन वटा योजनामा सामाग्री खरिद प्रक्रिया सम्वन्धि अभिमुखीकरण सञ्चालन <br> - तिन वटा योजनामा लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन <br> - तिन वटा योजनामा आर्थिक व्यवस्थापन तालिम सञ्चलान <br> - १३ वटा घरबारी समुहलाई घरवारी व्यवस्थापन सम्वन्धि तालिम संचालन <br> - ३ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन <br> - तिन वटा योजनामा निर्माण पूर्वको गोष्ठी संचालन <br> - तिन वटा योजनामा उपभोक्ता समितिलाई परियाजना अभिमुखिकरण गोष्ठी सञ्चालन <br> - पाँच वटा योजनाा महिला धारा समुहलाई तालिम <br> - आठ वटा घरबारी समुहलाई घरवारी व्यवस्थापन सम्वन्धि पुर्नताजगि तालिम सञ्चालन <br> - गाउँपालिकामा आठ योजनाको मर्मत सम्भार कार्यकर्ता लाई १४ दिने मर्मत सम्भार तालिम सञ्चालन <br> - अगुवा कृषकलाई १ पटक ५ दिने अगुवा कृषक सम्वन्धि तालिम सञ्चालन <br> - च्याउ खेती तालिम <br> - सहकारी व्यबस्थापन तालिम <br> - महिनावारी स्वच्छता तथा पुर्णसरसफाई सम्बन्धि तालिम सञ्चालन |

| | |
|---|---|
| | • महिनावारी स्वच्छता आपुर्ति साङ्गलो तालिम सञ्चालन<br>• निर्णयमा महिला कार्यशाला गोष्ठि सञ्चालन<br>• गा.पा.तथा जिल्ला स्तरीय समिक्षा गोष्ठि सञ्चालन<br>• सहयोगी संस्थाका कर्मचारी तथा सरोकारवालाई ३ दिने जलवायु परिवर्तन तथा जोखीम प्रकोप न्युनिकरण सम्वन्धि तालिम सञ्चालन<br>• सहयोगी संस्थाका कर्मचारीलाई परियोजना सम्वन्धि अभिमुखीकरण गोष्ठि सञ्चालन<br>• जिल्ला तहमा ५ दिने बहुउद्देश्यीय नर्सरी तालिम सञ्चालन |

# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

नेपाल सरकारले देशको बहुआयामिक गरिबिलाई न्युनिकरण गर्ने उद्देश्य अनुरुप १०औं पंचबर्षिय योजना (गरिबी न्युनिकरण रणनिती पत्र) अनुरुप दिगो लक्ष्य विकासको उद्देश्य हाँसिल गरि देशलाई विकसिल राष्ट्रबाट बिकसित राष्ट्रमा परिणत गर्नका लागि दिगो लक्ष्य विकासको ६ नं. बुँधामा रहेको खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा रहेको गरिबी २०३० सम्ममा अन्त्य गर्न कर्णाली र सुदूरपश्चिम प्रदेशका १० वटा जिल्लामा ग्रामिण जलस्रोत व्यबस्थापन परियोजनाले आफ्नो कार्यक्रम संचालन गरिरहेको छ भने यस गाउँपालिकामा पहिलो चरणबाट नै कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

कर्णाली प्रदेश र सुदूरपश्चिमका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।२९ मा स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत रकम निकासा भै ९३।९ प्रतिशत खर्च भएको छ । जसमध्ये दातृ निकाय तर्फको रकम रु.१,६०,२७७।– खर्च नभई परियोजना कार्यालयमा फिर्ता गरिएको छ । स्थानीय तहको विनियोजित रु.४५,१६,०००।– मध्ये रु.४५,१६,०००।– खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा ९३।९% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ९ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ८ वटा योजनाहरु सम्पन्न भएका छन् भने १ वटा निर्माणाधिन योजना आगामी आ.व.मा समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएको छ ।

यस प्रतिवेदनमा स्वामीकार्तिक खापर गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# २. लक्ष्य बमोजिम उपलब्धी

## २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| **गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता रणनिति कार्यशाला गोष्ठि** | मिति २०७६/०२/१९ गते ५१ जनाको उपस्थितिमा सम्पन्न गरियो। |
| **वडा स्तरीय पुर्ण सरसफाई रणनिति कार्यशाला गोष्ठि र Ward-Wash-CC गठन** | |
| वडा नं. १ | मिति २०७६/०२/२२ गते ५४ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. २ | मिति २०७६/०२/२३ देखी २१ गते सम्म ४९ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. ३ | मिति २०७६/०२/२२ देखी २४ गते सम्म ५१ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. ४ | मिति २०७६/०२/२४ देखी २० गते सम्म ४८ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो |
| वडा नं. ५ | मिति २०७६/०२/२२ देखी २३ गते सम्म ५७ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| **गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता रणनिति तयारी कार्यशाला गोष्ठि तथा RM-Wash-CC गठन** | मिति २०७६/०२/२६ गते सम्म ५५ जनाको उपस्थितीमा सम्पन्न गरियो। |
| **योजना दिगोपना कार्यशाला गोष्ठी** | मिति २०७६/०३/१४ देखि १६ गते सम्म ६८ जनाको उपस्थितीमा सम्पन्न गरियो। |
| **निर्णयमा महिला कार्यशाला गोष्ठि तथा महिलाका लागि ५ बर्षे कार्य योजना तयारी र गा.पा.बाट प्रबिद्धता।** | मिति २०७५/१२/०७ देखि ०९ गते सम्म ३७ जनाको उपस्थितीमा सम्पन्न गरियो। |

## २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- आ.ब. २०७५/०७६ मा ४ वटा खानेपानी योजना सम्पन्न)
- आ.ब. २०७५/०७६ मा १ वटा सिंचाई योजना निर्माणाधिन

- आ.ब. २०७५/०७६ मा २०० घरधुरीमा सुधारीयको फलामे चुलो जडान
- आ.व. २०७५/०७६ बिद्यालय शौचालय २ वटा सम्पन्न
- आ.व. २०७५/०७६ मा ३५३ वटा ड्रम बितरण सम्पन्न र २६२ वटा च्याङ्ग जुठ्यान निमार्ण सम्पन्न

***तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न गर्ने लक्ष योजना संख्या | सम्पन्न गर्ने लक्ष लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ४ | ३१४९ | ४ | ३१४९ | १०० | १०० |
| २ | सिँचाई योजनाहरु | १ | ४२६ | १ | ४२६ | १०० | १०० |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | २ | ६५२ | २ | ६५२ | १०० | १०० |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | १३ | १३६० | १३ | १३६० | १०० | १०० |
| ५ | सुधारिएको चुल्हो (संख्या) | २०० | १२८७ | २०० | १२८७ | १०० | १०० |
| ६ | सरसफाइ तथा स्वच्छता प्रवर्द्धन प्याकेज | ३५३ | २२१७ | २६२ | १२७० | ७४ | ८८ |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

***तालिका ३ : लक्ष्य बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | सहयोगि संस्था छनौट प्रक्रियामा ढिलाईका कारण कर्मचारीको कमीले समयमा नै योजनाहरु संचालन गर्न नसकिनु । | गाउँपालीका परियोजना व्यवस्थापनले सहयोगि संस्थाको यस आ.व.को कार्यसम्पादन मुल्याङ्कन समयमा नै गर्नुपर्ने । |
| २ | मौसम प्रतिकुलताका कारणले बाह्य निमार्ण सामाग्री २ महिनासम्म पनि योजना स्थलसम्म पुऱ्याउन नसक्नु । | गाउँपालिकाले समयमा नै उपभोक्ता समितिसंग सम्झौता गरि उपभोक्ता समितिलाई समयमा नै खरिद प्रक्रिया गर्न सहजिकरण गर्ने । |
| ३ | यस बर्ष सिचाई योजनाको लागि अन्तिम किस्ता भुक्तानी दिने रकम अपुग भएकाले । | आउदो बर्ष योजनामा रकम पुग्ने गरि छुट्याउनु पर्ने । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुँची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

**वडा (योजना) स्तरमा भएका क्षमता विकासका उपलब्धिहरु:**

- २ पटक तिन वटा योजनाको सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन
- १ पटक तिन वटा योजनाको निर्माण अवधिको गोष्ठी संचालन
- १ पटक तिन वटा योजनाको लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम संचालन
- १ पटक तिन वटा योजनाको लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन
- १३ पटक घरबारी व्यवस्थापन अभिमुखिकरण संचालन
- ३ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन
- ३ पटक निर्माण पूर्वको गोष्ठी संचालन
- ७ पटक सार्वजनिक सुनुवाई संचालन
- ३ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न
- ५ पटक महिला धारा समुहलाई तालिम
- ८ पटक घरबारी व्यबस्थापन समुहलाई पुनरताजगि तालिम

**गाउँपालिका स्तरमा क्षमता विकासमा भएका उपलब्धिहरु:**

- १ पटक ३ वटा योजनाका उपभोक्ता समितिलाई व्यबस्थापन र खरिद सम्बन्धित तालिम
- १ पटक ८ वटा योजनाका VMW तालिम
- १ पटक अगुवा कृषक तालिम
- च्याउ खेती तालिम
- सहकारी व्यबस्थापन तालिम
- महिनावारी स्वच्छता तथा पुर्णसरसफाई सम्बन्धि तालिम
- महिनावारी स्वच्छता आपुर्ति साङ्लो तालिम
- गा.पा.स्तरीय समिक्षा गोष्ठि

**जिल्ला स्तरमा क्षमता विकासमा भएका उपलब्धिहरु:**

- CCA/DRR तालिम
- SO orientation Training
- बहुउद्देश्यीय नर्सरी तालिम
- कार्यक्रमको जिल्ला स्तरीय समिक्षा गोष्ठि



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

***तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | २४ | २२ | ० | ० | ६३ | १०० | ८७ | १२२ |
| सिचाई योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | ६ | ० | ० | ० | २४ | ३५ | ३० | ३५ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ३१३ | १५६ | ० | ० | १०३० | ५८७ | १३४३ | ७४३ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | १४८ | १८ | ० | ० | ४६८ | ४२ | ६१६ | ६० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ४ | ० | ० | १ | ८ | १ | १२ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | १ | ७ | १ | ७ |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | १९ | १८ | ० | ० | ६८ | ९५ | ८७ | ११३ |
| **जम्मा** | ५१० | २१८ | ० | ० | १६५५ | ८७४ | २१६५ | १०९२ |
| **प्रतिशत् :** | | | | | | | | |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ।

**१. घरबारी :** पोषणमा सुधार भएको छ, तरकारी नखाने मानिसहरु पनि खानासंग तरकारी खाने भएका छन्।

**२. आयआर्जन :** पोलीहाउसको सहयोगले बेमौसमि तरकारी उत्पादन गरि आर्थिक रुपले सबल भएका छन्। भने च्याउ खेतीबाट च्याउ उत्पादन गरि स्वरोजगार भएका छन्।

**३. सहकारी:** बचत गर्ने बानीको विकास हुनुको साथै ऋण लिएर साना तिना ब्यवशाय संचालन गरि आर्थिक उपार्जन गरेका छन्।

**४.लघु उद्यम :** यस बर्ष लघुउद्यममा सन्तोषजनक उपलब्धि नरहेको र आगामि बर्षमा यस गा.पा.मा स्याउ क्षेत्रलाई सहयोग र प्रबर्द्धन गर्न सकेमा लघु उद्यमीहरु उत्पादन गर्न सकिने देखिन्छ।

**५.स्थानीय स्रोत व्यक्ति उत्पादन :** मासिक हित (बचत) कोषमा बृद्धि हुनुको साथै घरबारी व्यबस्थापन समुह र आय आर्जन समुहहरु ब्यवस्थित रुपले संचालन भएका छन।

***तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण***

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ११९ | ० | २८० | ४०७ | १ | ० | २३ | २४ | १२० | ० | ३०३ | ४५३ |
| ४ | ० | ० | १०१ | १०१ | ३९ | ० | १४५ | १८४ | ३९ | ० | २४६ | २८५ |
| ५ | ० | ० | ६८ | ६८ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **११९** | **०** | **४४९** | **५७६** | **३९** | ० | **१६८** | **२१८** | **१५९** | **०** | **५४९** | **७३८** |

GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | २ | ० | ४३ | ४५ |
| २ | व्यवसायिक फलफूल खेती | ५ | ० | ११ | १६ |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | १ | ० | ४ | ५ |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | **८** | **०** | **५८** | **६६** |

*तलिका ७ : सहकारी सम्बन्धी विवरण*

| क्र.सं. | सूचकहरु | शम्भु शुनन्दा बहुउद्देश्यि सहकारी संस्था | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ० | ० | ० | ० |
| २ | शेयर धनीहरुको संख्या | २७० | ० | ६३९ | ९०९ |
| ३ | कुल सम्पत्ती रु. | | | | १६३५१० |
| ४ | कुल ऋण लगानी रु | | | | ४८९५००० |
| ५ | असूली दर | | | | ८० |
| ६ | खुद नाफा रु | | | | १२२५१० |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | | | | ० |
| ८ | जगेडा कोष रु. | | | | १७६७२१ |
| ९ | सञ्चालन आत्मनिर्भरता | | | | ० |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५।११।०६ गतेको गाउँपालिका परियोजना व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ ।

*तालिका ८ : अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | जोरु खा.पा.तथा सरसफाई योजना | ३ | ३ | ८ |
| २ | गोब्रेखल्ना खा.पा.तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ३ | गोब्रेखल्ना सिंचाई योजना | ३ | २ | ३ |
| ४ | ठुलोतुसारे खा.पा.तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ५ | खालुखोरे व्यक्तिगत धारा खा.पा.तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ६ | सुधारियको फलामे चुलो | ३ | ३ | ३ |
| ७ | सुर्योदय आधारभुत स्कुल ट्वाईलेट | ३ | ३ | ३ |
| ८ | स्वामीकार्तिक मा.वि. स्कुल ट्वाईलेट | ३ | ३ | ३ |
| ९ | सरसफाई तथा स्वच्छता प्याकेज | ३ | ३ | ३ |
| | **जम्मा** | **२७** | **२६** | **३२** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

*तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| **जम्मा** | | **१६** | **१६** | **०** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७६।०२।११ | पुर्णसरसफाई गा.पा. घोषणा गर्नका लागि अहिलेको अवस्थालाई (ट्वाईलेटमा सुधार, च्याङ्ग जुठ्यान प्रत्येक घरमा निर्माण गर्नुपर्ने, गोठे मलको व्यबस्थापन र व्यक्तिगत सरसफाईमा) सुधार गर्नुपर्ने । | ग.पा.को प्रत्येक वडामा वडा खानेपानी, सरसफाई तथा स्वच्छता गोष्ठि हुनका साथै वडा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति र गा.पा.स्तरमा गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भई रणनिति तयार भैरहेकोछ । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ। आर्थिक वर्ष २०७५।०७६ मा भएको आम्दानी र खर्च रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राखिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५।०४।०१ | • सहयोगि संस्था छनौट कार्यदलले मुल्याङ्कन गेरेका संस्थाहरुसंग बिस्तृत प्रस्ताव माग र कार्यक्रमका लागि आबश्यक कर्मचारीहरु नियुक्त गर्ने निर्णय र बार्षिक बजेट अनुसार कार्यान्वयन गर्ने । |
| २ | २०७५।०५।०१ | • सहयोगि संस्था छनौटका लागि आर्थिक र प्रविधिक प्रस्ताव माग गरिए अनुरुप समय समाप्त भएकाले दर्ता कार्य बन्द गर्ने निर्णय । |
| ३ | २०७५।०५।०३ | • सहयोगि संस्था छनौटका लागि आर्थिक र प्रविधिक प्रस्तावहरुलाई बिधिवत रुपमा खोल्ने र प्रस्तावहरुलाई बिश्लेषण र मुल्याङ्कन गर्न मुल्याङ्कन समितिलाई जिम्मेवारी दिने निर्णय । |
| | २०७५।०६।०५ | • आ.व.०७५।०७६ बजेट संसोधन, २०० वटा सुधारिएको फलामे चुलोको कोटेशन गर्ने, स्वामीकार्तिक मा.वि.मा सौचालय निर्माण प्रक्रिया अगाडि बढाउने, एउटा खा.पा.यो.मा घरबारी ब्यवस्थापन तालिम र दुई वटा खा.पा.यो.मा योजना उपभोक्ता समिति गठन गर्ने । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ५ | २०७५।०६।१२ | • मुल्याङ्कन समितिको प्रतिवेदन अनुसार मानव संसाधन केन्द्र, बाजुरा छनौट सिफारिस भएको र छनौट भएको संस्थासंग सम्झौता गर्ने निर्णय । |
| ६ | २०७५।०७।३० | • फिल्ड संयोजक र सब इन्जिनियरलाई नियुक्ति दिने निर्णय, LRP छनौट तथा परिचालन गर्ने निर्णय । |
| ७ | २०७५।०८।२५ | • ठुलो तुसारे र जोरु खा.पा.यो.को म्याद थप गर्ने निर्णय । |
| ८ | २०७५।०९।१५ | • स्वामिकार्तिक मा.वि.र सुर्योदय प्रा.वि.मा CGD ट्वाईलेट निर्माण गर्ने निर्णय, सुधारिएको चुलो बितरणका लागि बस्तीहरुको छनौट । |
| ९ | २०७५।०११।०७ | • गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा गा.पा.मा संचालित जलस्रात परियोजनाका योजनाको नियमित अनुगमन गर्नका लागि अनुगमन कार्यदलको गठन गर्ने निर्णय गरियो । |
| १० | २०७५।१२।०२ | • आगामि आ.व.२०७६।०७७ को बार्षिक कार्यक्रम माथि बिस्तृत छलफल गरि जालस्रोत गुरुयोजनामा प्राथमिकिकरणमा पेरेका योजनाहरु समावेश गर्ने निर्णय भएको । |
| ११ | २०७६।०३।१६ | • पुँजिगत तर्फका खानेपानी तथा सिंचाईका योजनाहरुमा बाँकि रहेको रकमलाई सोही शिर्षक अर्न्तगतका योजनामा थपघट गरि परिमार्जन गर्नुका साथै आगामि आ.व.२०७६।०७७ को LMBIS प्रबिष्ट भएको बार्षिक कार्यक्रमलाई गाउँकार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने निर्णय । |
| १२ | २०७६।०३।३१ | • सहयोगि संस्था र गा.पा.जलस्रोत अधिकृतको सम्झौता अन्तिम मिति २०७६।०३।३१ सम्म रहेकाले कार्य सम्पादन मुल्याङ्कनको प्रतिवेदन नआउदासम्मका लागि गा.पा. जलस्रोत अधिकृत र सहयोगि संस्थालाई परिचालन गर्ने गराउने निर्णय र ठुलो तुसारे खा.पा.यो र शम्सारे खा.पा.यो र शम्भु सुनन्दा शौचालयको बेरुज ुफरछ्यौट गर्ने निर्णय पारित । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तयार गरी लागु गरिएको छ ।

२. गाउँपालिका क्षेत्र भित्र एक घर एक चर्पी, जुठयान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ आगामि ४ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ । खानेपानी योजनाहरुको सुचारु संचालनका लागि प्राविधिक जनशक्तिको व्यवस्था गरिने छ ।

३. खानेपानी अभाव भएका गाउँ टोल र वस्तीको सम्भाव्यता अध्ययन गरी ४ वर्ष भित्र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

४. प्रत्येक खानेपानी योजनामा खानेपानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधि अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था गरिएकोछ ।

५. खानेपानी तथा सिचाईका मुहानहरु तथा सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम गरिएकोछ ।

६. छाउपडी गोठमुक्त अभियानलाई सफल पार्न सचेतना र शिक्षाका माध्यमबाट सामाजिक अभियान संचालन गरिएको छ ।

७. लैङ्गिक हिँसामुक्त गाउँ घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिएको छ ।

८. स्थानीय बालीको जर्गेना गर्नका लागि विउ उत्पादन तथा संरक्षणको लागि विउ वैंकको स्थापना भई तथा व्यवस्थापनलाई जोड दिइएको छ ।

९. रैथाने बालीको उत्पादनलाई वढावा दिनुका साथै बजारीकरणका लागि पहल गरिनेछ ।

१०. माटो परीक्षण गर्नका लागि सम्बन्धित निकायमा समन्वय गरि माटो सुहाउदो बालीको प्रर्वधनका लागि पहल गरिएको छ ।
११. व्यवसायिक पशुपालनमा विशेष अनुदानको व्यवस्था गरी भेडा, बाखा र कुखुरा फर्म स्थापना गर्ने कृषक, समुह समुह युवाहरुलाई अनुदानको व्यवस्था गरिएको छ ।
१२. एग्रोभेट स्थापना गर्नका लागि युवा व्यवसायीलाई प्रोत्साहन गरिने छ ।
१३. बाली बिमा, कृषि बिमा एंव पशु बिमाका कार्यक्रमहरु लागु गरिने छ ।
१४. हाईडेन्सिटी स्याउलाई उच्च प्रथमिकताका साथ समुदाय स्तरमा अनुदान कार्यक्रम संचालन गर्ने ।
१५. व्याबसायिक तरकारी खेतीलाई प्रबर्द्धन गर्ने ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट निम्न तालिका बमोजिमको थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

***तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य***

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | स्वामीकार्तिक खापर गा.पा.को कार्यालय | महिनावारी स्वच्छता सप्ताह | ५ वटै वडामा हातले बनाएका sanitation Pad बितरण | ५००००।– |
| २ | कृषि ज्ञान केन्द्र, बाजुरा | फलफुल बोट बितरण | आँपको बिरुवा बितरण | १५०००।– |
| ३ | स्वामीकार्तिक खापर गा.पा.को कार्यालय | महिनावरी स्वच्छता दिवस | Sanitation pad making अभिमुखिकरण | ५०००।– |
| ४. | सुहारा, बाजुरा | नारी दिवस | नारी दिवस मनाउन | ३०००।– |
| ५. | ग.पा. महिला विकास शाखा | नारी दिवस | नारी दिवस मनाउन | १००००।– |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

***तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु***

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | जोरु खा.पा.कार्यान्वयन र निर्माण चरणमा बिबाद उत्पन्न भएको कारण समस्या उत्पन्न भएको । | गाउँपालिका, जलस्रोत व्यबस्थापन परियोजना र सरोकारवालाहरुसंग को उपस्थीतीमा बिभिन्न समयको छलफलमो बिवाद टुगों लगाईएको थियो । |
| २. | गोब्रेखल्ना खानेपानी योजनामा पनि मुल बिवादले समस्या उत्पन्न भएको । | गाउँपालिका, जलस्रोत व्यबस्थापन परियोजना र सरोकारवालाहरुसंग को उपस्थीतीमा बिभिन्न समयको छलफल गरिएको । |
| ३. | समयमा सहयोगि संस्था र कर्मचारीको छनौट प्रक्रिया ढिलो भएका कारण पनि समस्या उत्पन्न भएको । | परियोजना र गा.पा.ले छिटो गर्ने प्रयास गरेको । |


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ४. | सिंचाई र खानेपानी योजनाको बाह्य निर्माण सामाग्रि मार्तडीबाट योजना स्थलसम्म पोरखे लेखमा हिउँ परि बाटो बन्द भई २ महिना सम्म पनि योजना स्थलमा पुऱ्याउन नसकिनु । | उपभोक्ता समितिले खच्चर र मानिसबाट सामान ढुवानी गराउन खाज्दा पनि वबतवरणको बिषम परिस्थितीले गर्दा आवत जावतमा अवरोध भएकाले प्रयास असफल भएको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| जोरु खानेपानी तथा सरसफाई यो. | ३ | ४,६३५,६९६.८० | ४,४४१,१६६.३४ | २१,३२,६६६.०० | ० | ० | ० | ११११ |
| ठुलो तुषारे खानेपानी तथा सरसफाई यो | ४ | ३,९७३,७५०.०० | ३,४९१,५७७.८९ | १५,१९,६७७.०० | ० | ० | ० | ११७४ |
| गोव्रेखल्ना खानेपानी तथा सरसफाई यो. | ३ | २,९९७,७९२.०० | २,६०६,०६८.५० | २६,०६,०६९.०० | ८,०८,०६८.०० | ० | ० | ४२६ |
| खालुखोरे खानेपानी तथा सरसफाई यो. | ४ | २,८२४,१३३.०० | २,४६७,६५८.४१ | २४,६७,६५८.०० | ४,५५,६५८.०० | ० | ० | ४३८ |
| **जम्मा :** | | **१,४४,३१,३७१.८०** | **१,३०,०६,४७१.१४** | **८७,२६,०७०.००** | **१२,६३,७२६.००** | **०** | **०** | **३१४९** |
| **सिँचाई/बहुपयोगी  योजना** | | | | | | | | |
| जुकु कुलो सिचाई योजना | ३ | ५,३६८,५५०.२० | ४,९१५,५५७.३३ | ३३,०५,०५६.०० | १४,०४,४४५.०० | ० | ० | ११७४ |
| गोव्रेखल्ना सिचाई योजना | ३ | ४,९०३,३५६.७० | ३,४१५,८८८.७८ | ३४,१५,८००.०० | ९,०३,३७७.०० | १४,८७,४६८.०० | १०,००,०००.०० | ४२६ |
| **जम्मा :** | | **१,०२,७१९०६.९०** | **८३,३१,४४६.११** | **६७,२०,८५६.००** | **२३,०७,८३२.००** | **१४,८७,४६८.००** | **१०,००,०००.००** | **१६००** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| सुर्यदय प्रा.वि.शौचालय निर्माण | ३ | ८६१,७१५.५२ | ८०८,५३६.२४ | ८,०८,५३६.०० | १,६१,४५६.०० | ० | ० | २३२ |
| स्वामीकार्तिक मा.वि.शौचालय निर्माण | ४ | १,४१४,७२९.८२ | १,३१२,०५७.२८ | १३,१२,०५७.०० | २,६५,४६४.०० | ० | ० | ४१९ |
| **जम्मा :** | | **२२,७६,४४५.३४** | **२१,२०,५९३.५२** | **२१,२०,५९३.५२** | **४,२६,९२०.००** | **०** | **०** | **६५१** |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| तिनमुखे सुधारिएको चुलो | ३ | ९१०,४८०.०० | ९०६,८३६.८३ | ९०६,८३६.०० | ० | ० | ० | २२१७ |
| **जम्मा :** | | **९१०,४८०.००** | **९०६,८३६.८३** | **९०६,८३६.००** | **०** | **०** | **०** | **२२१७** |
| **पुर्ण सरसफाई प्याकेज** | | | | | | | | |
| चाङ्ग जुठ्यान निर्माण | ३ | ७३६,०९५.२५ | ५८०,३६६.७१ | ५८०,३६६.०० | ५१७५३२.०० | ० | ० | २२१७ |
| **जम्मा :** | | **७३६,०९५.२५** | **५८०,३६६.७१** | **५८०,३६६.००** | **५१७५३२.००** | **०** | **०** | **२२१७** |

**अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण**

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| | परियोजना अभिमुखीकरण | | १ | २ | २ | १ | ० | ० | ६ | ९ |
| | सरसफाई तथा GESI /HRBA अभिमुखीकरण | | १ | २ | २ | १ | ० | ० | ६ | ९ |
| | जिविकोपार्जन तथा घरवारी व्यवस्थापन अभिमुखीकरण | | १ | २ | २ | १ | ० | ० | ६ | ९ |
| | सामाग्री खरिद प्रक्रिया सम्बन्धी अभिमुखीकरण | | १ | २ | २ | १ | ० | ० | ६ | ९ |
| | आर्थिक व्यवस्थापन तालिम | | १ | १ | १ | १ | ० | ० | ५ | ५ |
| | मर्मत सम्भार तथा WSP/CCA/DRR अभिमुखीकरण | | १ | २ | २ | १ | ० | ० | ६ | ९ |
| | उपभोक्ता समितिलाई खरिद तथा लेखा व्यवस्थापन तालिम | | ३ | १ | ० | ० | ० | ० | ५ | १२ |
| | निर्माण पुर्वको गोष्ठी | | १ | २ | ३ | २ | ० | ० | १ | ५ |
| | निर्माण अवधिको गोष्ठी | | १ | २ | २ | १ | ० | ० | ७ | १० |
| | पानी सुरक्षा योजना तालिम | | ३ | ४ | ८ | १३ | ० | ० | १५ | २३ |
| **सिचाई योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| | परियोजना अभिमुखीकरण | | १ | १ | १ | ० | ० | ० | ३ | ५ |
| | सरसफाई तथा GESI /HRBA अभिमुखीकरण | | १ | १ | १ | ० | ० | ० | ३ | ५ |
| | जिविकोपार्जन तथा घरवारी व्यवस्थापन अभिमुखीकरण | | १ | १ | १ | ० | ० | ० | ३ | ५ |
| | सामाग्री खरिद प्रक्रिया सम्बन्धी अभिमुखीकरण | | १ | १ | १ | ० | ० | ० | ३ | ५ |
| | मर्मत सम्भार तथा WSP/CCA/DRR अभिमुखीकरण | | १ | १ | १ | ० | ० | ० | ३ | ५ |
| | निर्माण पुर्वको गोष्ठी | | १ | १ | १ | ० | ० | ० | ४ | ६ |
| | निर्माण अवधिको गोष्ठी | | १ | १ | ० | ० | ० | ० | ५ | ४ |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| | विद्यालय स्तरिय सरसफाई तालिम | | २ | ६ | २४ | ४० | ० | ० | ८० | ६८ |
| | पुर्ण सरसफाई रणनितिक तयारी योजना गोष्ठी वडा स्तरमा | | १ | ५ | ५५ | ७० | ० | ० | ९१ | १७७ |
| | पुर्ण सरसफाई रणनितिक तयारी योजना गोष्ठ गा.पा.स्तरमा | | १ | २ | ४ | १ | ० | ० | ८ | ४२ |
| | स्यानीटरी प्याड निर्माण तालिम | | १ | १ | ३ | १ | ० | ० | २२ | १ |
| | सरसफाई मुल्य श्रृखला तालिम | | २ | १ | १ | ० | ० | ० | १६ | ० |
| | महिनावारी स्वच्छता तथा लैगिंक समानता सम्वन्धि तालिम | | २ | १ | ६ | ० | ० | ० | ३७ | ० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कृषिमेला प्रर्दशनी | | १ | १ | ६ | ० | ० | ० | ४६ | ३ |
| | अर्न्तराष्ट्रिय महिला दिवस | | १ | ३ | १३३ | २५ | ० | ० | ३९७ | १०२ |
| | महिनावारी स्वच्छता दिवस | | १ | ५ | ५५ | २ | ० | ० | २०९ | २६ |
| | चर्पि दिवस | | १ | १ | ५ | १ | ० | ० | ४१ | १५ |
| | विश्व पानी दिवस | | १ | २ | ७ | ३ | ० | ० | ३७ | ८९ |
| | सहकारी दिवस | | १ | १ | १३ | ६ | ० | ० | ३१ | १७ |
| | सरसफाई सप्ताह दिवस | | १ | १ | १ | ७ | ० | ० | १५ | ४७ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | |
| | सहकारी व्यवस्थापन तालिम | | ५ | १ | ६ | ७ | ० | ० | ११ | १५ |
| | च्याउ उत्पादन तालिम | | ३ | १ | २ | ० | ० | ० | १७ | ० |
| | बहुउद्धेश्यि नर्सरी तालिम | | ५ | १ | ० | १ | ० | ० | ० | ४ |
| | घरवारी व्यवस्थापन आधारभुत तालिम | | ३ | १३ | ५५ | ० | ० | ० | २४९ | १२ |
| | घरवारी व्यवस्थापन पुनःताजकिय तालिम | | १ | ८ | ५७ | ० | ० | ० | १३८ | १ |
| | अगुवा कृषक तालिम | | ५ | १ | ० | ० | ० | ० | १३ | ३ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | |
| | मर्मत सम्भार कार्यकर्ता तालिम | | १४ | १ | ० | ४ | ० | ० | १ | ८ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | |
| | सहयोगी व्यक्ति तथा सरोकारवालाई जलवायु परिवर्तन सम्वन्धि तालिम | | ३ | १ | ० | ० | ० | ० | १ | ७ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | |
| | निर्णयमा महिला कार्यशाला गोष्ठी | | १ | ३ | ६ | ० | ० | ० | ३१ | ० |
| | प्रगति समिक्षा गोष्ठी | | १ | २ | ७ | ७ | ० | ० | २२ | ७३ |
| | योजना दिगोपना गोष्ठि | | ३ | १ | ६ | ११ | ० | ० | १४ | १६ |
| | सहयोगी संस्थाका कर्मचारीलाई अभिमुखीकरण गोष्ठी | | ३ | १ | ० | ० | ० | ० | १ | ६ |
| | | | | | | | | | | |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

**अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था**

| क्र.स. | योजनाको नाम ठेगाना | योजना सम्पन्न बर्ष | योजनाको कुल लागत उ.स.को सहभागीता समेत | योजनाको प्रकार | उ.स.का अध्यक्षको नाम | मर्मत सम्भारकोष को रकम | योजना को अवस्था | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

**अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था**

| कुल पेश्की/वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की/वेरुजु रकम रु | फर्छ्यौट भइ वांकी पेश्की/वेरुजु रकम रु | कैफीयत |
|---|---|---|---|
| | | | |

**अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था**

| आ.व.०७४।०७५ सम्मको पेश्की/वेरुजु रकम मध्ये ०७५।०७६ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की/वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६ सम्मको कुल पेश्की तथा वेरुजु वांकी रकम रु | कैफीयत |
|---|---|---|---|
| | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

**अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु**

# योजनामा प्रेरणादायि महिला नेतृत्व

बन्धु बिक्रम शाही
गा.पा.जलस्रोत अधिकृत



स्वामीकार्तिक खापर गाँउपालिका वडा नं. ३, जुकु निवासि श्री गोरी रोकाया उमेरको हिसाबले बर्ष ४३ पुग्नु भएको छ। परिवारमा उहाँका एउटा श्रीमान्, २ छोरी र एक छोरा रहेका छन् । आफ्नो समुदायमा उहाँ अग्रणी महिलाको हैसियतले चिनिनु हुन्छ। अन्य महिलाहरु अहिले पनि घरको ढोका छोड्न नसकिरहेको अवस्थामा समाजसंग संघर्ष गर्दै ठुला योजनाहरु पनि महिलाले सम्पन्न गर्न सक्दछन भन्ने उदाहरण बन्नु भएको छ । सामान्य साक्षर मात्र रहनु भएकि रोकाया ग्रामिण जलस्रोत व्यबस्थापन परियोजनाका सम्पुर्ण पक्षसंग राम्ररी परिचित हुनुहुन्छ । समाज परिबर्तनका लागि महिलाको भुमिका र समाजिक उत्तरदायित्वको नेतृत्व महिलाले गर्न सके समाज छिट्टै परिबर्तन हुने कुरामा बिश्वस्त हुनुहुन्छ।

स्वामीकार्तिक खापर गा.पा.वडा नं.३ को जुकु र जुकोट वस्तीका केही परिवारहरु गोब्रे र खल्नामा बसोबास गर्दै आइरहेका छन् । त्यसमा गोरी रोकायाका परिवार पनि खल्नामा बसाबास गर्दै आउनु भएको छ । यि वस्तीहरुका समुदायले योजना सम्पन्न नहुदासम्म पनि खोलाको असुरक्षित, अशुद्ध पानी पिउदै आईरहेका थिए । गत आ.व.२०७५।०७६ मा यो खानेपानी योजना गाउँपालिकाको जलउपयोग गुरु योजनामा प्रथमिकिकरण पर्‍यो त्यस पछि ग्रामिण जलस्रोत परियोजनाले **गोब्रे खल्ना खानेपानी तथा सरसफाई योजना** बनाउने भएपछि शुद्ध खानेपानी पिउन पाउने आशामा समुदायमा खुसीको लहर छायो।

खल्ना र गोर्बेमा गरी जम्मा ९६ घरधुरी तथा ४२६ जनसंख्याले बसोबास गदै आयको उक्त क्षेत्र बिगत बर्ष देखि खाने पानिको समस्याले ग्रसीत रहेको थियो । मिति २०७५साल बैशाख २१ गतेको बसेको गाउँपालिका परियोजना ब्यवस्थापन समितिको बैठकको निर्णय अनुसार मिति २०७५ भाद्र २३ गोब्रे र खल्नाको बिचमा सरोकारवाला उपभोक्ताहरुको आमभेला बालाईको थियो सो भेलामा उपभोक्ता समितिको अध्यक्षका लागि धेरै उम्मेदवार भएपनि अन्ततह गोरी रोकायालाई गोर्बे खल्ना खानेपानि तथा सरसफाई योजनाको उपभोक्ता समितिको अध्यक्षमा सर्ब सम्मतिले गर्‍यो । मिति २०७५/०८/११ गाउँपालिका र उपभोक्ता समिति बिचको सम्झौता पश्चात इष्टमेट अनुसार ७ वटा धारा, २ वटा आर.बि.टि., एउटा डि.सि.र एउटा इनटेक बनाउने निमार्ण कार्य संचालन भयो ।

योजनाको निमार्ण कार्य सुरु हुन अगावै मुल विवाद जिल्ला प्रशासन कार्यालय सम्म पुगेको थियो र समय समयमा यस्ता ठुला देखि सानातिना विवादहरु आई रहे तर गोरी रोकाया कहिले पनि निराश हुनु भएन र ति विवदहरुको सामना गर्दै अगाडि बढिरहनु भयो । यसमा गाउँपालिका, ग्रामिण जलस्रोत व्यबस्थापन परियोजना र गाउँ नागरिक समाजले उहाँलाई साथ दिइरयो र उहाँ निर्धक्कसाथ योजना सम्पन्न गर्नमा कम्मर कसी लागि रहनुभयो। योजना सम्पन्न गर्न एउटा महिलालाई फलामको च्युरा चपाउनु सरह थियो यो परम्परावादी पुरुष समाजमा एकातिर श्रमदान गर्नुपर्ने काममा पुरुषको उपस्थिति असाध्य न्युन रहने र महिलाहरुले गरेका कामको कुरा काट्दै हिड्ने हुनाले उहालाई केही अप्ठ्यारो पनि नभएको होईन तर अठोट लिएपछि के गर्न सकिदैन भन्ने उदाहरण बन्नु भएको छ उहाँले यो योजनालाई समयमा नै समपन्न गरेर ।

ग्रामिण जलस्रोत परियाजनाको पहिलो चरण देखि तेस्रो चरणको मध्ये तिर परियोजना अगाडि बढिरहँदा उपभोक्ता समितिहरुको अध्यक्ष पदमा अहिलेसम्म पनि महिलाले नेतृत्व गरेका थियनन् । गोरी रोकायाले पहिलो उपभोक्ता समितिको अध्यक्ष भएर महिलाहरुका लागि उदाहरण र नेतृत्वमा महिलाहरु जानु पर्छ भन्ने उत्प्रेरक पनि बन्नु भएको छ । पुरुष प्रधान सोचहरु लाई चुनौती दिदै उहाँले समिति तथा कामदारहरुको परिचालन र व्यवस्थापन सहज रुपले गर्दै आर्थिक पारदर्शिता कायम राख्दै समयमै गुणस्तरीय ढङ्गले योजना सम्पन्न गर्न सफल हुनु भएको छ । आफुलाई नेत्तृत्व लिनका लागि उत्प्रेरणा प्रदान गरेकोमा सम्पुर्ण उपभोक्ता तथा गा.पा /ग्रामीण जलस्रोत व्यवस्थापन परीयोजना साथै सरोकारवाला सबैलाई धन्यवाद दिनुभएको छ ।

## अनुसूची ४ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७५।११।१५ (५महिना सम्मको लागि) | "जनहितमा जारी सन्देश" पूर्ण सरसफाइ, महीनावारी स्वच्छता ब्यवस्थापन र पोषण संग संगै अन्य गतिबिधिहरुको जानकारी दिने उद्देश्यले स्वामीकार्तिक दैनिक पत्रिकामा ५ महिनासम्म प्रकाशीत गर्ने गरी सम्झौता गरीयो । |
| २ | रेडियो | आ.ब. २०७५/०७६ (६ महिनाका लागि) | "जनहितमा जारी सन्देश" अर्न्तगत RVWRMP द्बारा यस गा.पा. मा संचालन गरिएका क्रियाकलापहरुको वारेमा जानकारी दिने उद्देश्यले रेडीयो बुढीनन्दा संग सम्झौता गरी कार्यक्रमका वोरमा जानकारी गराईएको थियो । |
| ३ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | गाउँपालिकाको कार्यालयकमा पूर्ण सरसफाइ, महीनावारी स्वच्छता ब्यवस्थापन र पोषण सम्बन्धि २ वटा होडिङ्ग बोर्डहरु राखिएको थियो । |

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिको कार्यालय, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| **क्र.सं.** | **कर्मचारीको नाम** | **कार्यालय** | **पद** | **जम्मा अनुमानित योगदान (महिनामा)** |
|---|---|---|---|---|
| गाउँपालिका तर्फबाट | | | | |
| १. | बन्धु बिक्रम शाही | स्वामीकार्तिक खापर गा.पा./ RMSU | गा.पा. जलस्रोत अधिकृत | साढे ७ महिना |
| परियोजनाको तर्फवाट (अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि) | | | | |
| १. | नरबीर ऐडी | RVWRMP/TSU, बाजुरा | जलश्रोत सल्लाहकार | १२ महिना |
| २. | तिर्थ भट्ट | RVWRMP/TSU, बाजुरा | जिबीकोपार्जन अधिकृत | ७ महिना |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | | |
|---|---|---|---|---|
| ३. | तेज बहादुर बोहरा | RVWRMP/TSU, बाजुरा | प्राविधिक सहजकर्ता | ७ महिना |
| ४. | धन बहादुर के.सी. | RVWRMP/TSU, बाजुरा | जिविकोपार्जन सहजकर्ता | ११ महिना |
| सहयोगी संस्थावाट परिचालित कर्मचारीहरुको विवरण | | | | |
| १. | दिल बहादुर धामी | HRC / बाजुरा | फिल्ड संयोजक | ८ महिना |
| २. | दिपेन्द्र सिह | HRC / बाजुरा | सव् ईन्जिनियर | ८ महिना |
| ३. | रण साँउद | HRC / बाजुरा | जलस्रोत प्रबिधिक | साढे ७ महिना |
| ६ | धर्म बुढा | HRC / बाजुरा | जलस्रोत प्रबिधिक | साढे ७ महिना |
| ७ | प्रेम बहादुर खड्का | HRC / बाजुरा | सरसफाइ प्रबर्द्धक | साढे ७ महिना |
| ८ | शीला शाही | HRC / बाजुरा | सरसफाइ प्रबर्द्धक | साढे ७ महिना |
| ९ | प्रेम कटेल | HRC / बाजुरा | जिबिकोपार्जन प्रबर्द्धक | साढे ७ महिना |